आर्थिक वर्ष २०८३/०८४ को
वार्षिक विकास कार्यक्रम र बजेट

गण्डकी प्रदेश सरकार

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

पोखरा, नेपाल

शुभकामना सन्देश

आर्थिक वर्ष २०८३/०८४ को वार्षिक विकास कार्यक्रम तथा बजेट पुस्तिका प्रकाशन तथा सार्वजनिक गर्न पाउँदा हामी अत्यन्त हर्षित छौँ । यस पुस्तिकामा समेटिएका कार्यक्रम तथा बजेट गण्डकी प्रदेशमा सामाजिक विकास, युवा तथा खेलकुदका क्षेत्रमा समृद्धि, सुशासन, सामाजिक न्याय र दिगो विकास हासिल गर्ने प्रदेश सरकारको प्रतिबद्धताको प्रतिविम्ब हुन् ।

आर्थिक वर्ष २०८३/०८४ का लागि तर्जुमा गरिएका बजेट, योजना तथा कार्यक्रमहरू प्रदेश सरकारको नीति तथा कार्यक्रम, जनताको आवश्यकता, प्राथमिकता र अपेक्षालाई केन्द्रमा राख्दै शिक्षा, युवा, खेलकुद, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सीप तथा क्षमता विकास, पूर्वाधार विकास, कला तथा संस्कृति संरक्षण एवं प्रवर्द्धन लगायतका क्षेत्रमा प्रभावकारी हस्तक्षेप गर्ने उद्देश्यले तयार गरिएका छन् । लक्षित वर्ग र समुदायसम्म राज्यका सेवा तथा अवसरको न्यायोचित पहुँच सुनिश्चित गर्दै सामाजिक समावेशिता र समानताको प्रवर्द्धन गर्नु हाम्रो प्रमुख प्राथमिकता हो ।

बजेट तथा कार्यक्रम तर्जुमा आफैँमा नियमित प्रक्रिया भए पनि यसको वास्तविक सफलता प्रभावकारी, गुणस्तरीय, पारदर्शी, जवाफदेही र नतिजामुखी कार्यान्वयनमा निर्भर गर्दछ । त्यसैले स्वीकृत बजेट तथा कार्यक्रमको कार्यान्वयनमा प्रचलित कानून, स्वीकृत कार्यक्रम तथा आर्थिक मामिला मन्त्रालयबाट जारी बजेट तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी मार्गदर्शनको अक्षरशः पालना गर्दै उपलब्ध स्रोत-साधनको मितव्ययी र अधिकतम सदुपयोग गर्न आवश्यक छ । निर्धारित समय, लागत र गुणस्तर कायम गर्दै कार्यक्रमको प्रत्यक्ष लाभ लक्षित वर्ग तथा समुदायसम्म पुऱ्याउने गरी सबै निकायले उच्च जिम्मेवारीबोधका साथ कार्यसम्पादन गर्नुपर्ने छ ।

मन्त्रालयअन्तर्गतका कार्यालयहरू, शिक्षा विकास निर्देशनालय, संग्रहालयहरू, प्रदेश खेलकुद परिषद्, गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान, गण्डकी प्रज्ञा प्रतिष्ठान, एकीकृत सेवा कार्यालयहरू, शिक्षा तालिम केन्द्र, व्यावसायिक तथा सीप विकास तालिम केन्द्र तथा विभिन्न समिति र संरचनाहरूको सक्रियता, तदारुकता, पारदर्शिता, समन्वय र व्यावसायिक कार्यसम्पादनबाट मात्र यस बजेट तथा कार्यक्रमले अपेक्षित परिणाम हासिल गर्न सक्नेछ । यसका लागि मन्त्रालयले आवश्यक समन्वय, सहजीकरण र सहयोग उपलब्ध गराउँदै कार्यक्रम कार्यान्वयनमा देखिने व्यावहारिक कठिनाइहरूलाई समयमै सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।

यस मन्त्रालयको बजेट तथा कार्यक्रम तर्जुमाका क्रममा मार्गदर्शन, सल्लाह, सुझाव तथा अभिभावकीय सहयोग प्रदान गर्नुहुने माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेज्यू, गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटाज्यू, आर्थिक मामिला मन्त्रालय परिवार, प्रदेश सभा सदस्यज्यूहरू, मन्त्रालयका सचिव डा. शेषनारायण पौडेलज्यू, राष्ट्रसेवक कर्मचारीहरू, निजी सचिवालय तथा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा, आर्थिक वर्ष २०८३/०८४ को वार्षिक विकास कार्यक्रम तथा बजेटको सफल, प्रभावकारी, पारदर्शी र नतिजामुखी कार्यान्वयनका लागि सबैको सक्रिय सहभागिता, सहयोग र रचनात्मक भूमिकाको अपेक्षा गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मा. रेखा गुरुङ

मन्त्री

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश, पोखरा, नेपाल

शुभकामना सन्देश

गण्डकी प्रदेश सरकार, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयद्वारा आर्थिक वर्ष २०८३/०८४ का लागि स्वीकृत वार्षिक विकास कार्यक्रम तथा बजेटलाई समेटी प्रकाशित यस पुस्तिकाले मन्त्रालय र अन्तर्गतका निकाय तथा कार्यालयहरूलाई स्वीकृत कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, स्रोतको उचित परिचालन तथा अपेक्षित नतिजा हासिल गर्न महत्वपूर्ण मार्गदर्शन प्रदान गर्ने विश्वास लिएको छु।

प्रदेश सरकारका नीति, प्राथमिकता तथा उद्देश्यहरूलाई व्यवहारमा रूपान्तरण गर्ने प्रमुख माध्यमका रूपमा वार्षिक बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन रहेको छ। यस सन्दर्भमा आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा प्रचलित कानून, स्वीकृत बजेट तथा कार्यक्रम, आर्थिक मामिला मन्त्रालयबाट जारी बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन तथा सम्बन्धित निर्देशनहरूको अक्षरशः पालना गर्दै वित्तीय अनुशासन, मितव्ययिता, पारदर्शिता, जवाफदेहिता, दक्षता र प्रभावकारिता कायम गर्नुपर्ने छ। उपलब्ध स्रोत-साधनको अधिकतम सदुपयोग गर्दै कार्यक्रमको गुणस्तरीय र समयबद्ध कार्यान्वयनमार्फत लक्षित वर्ग तथा समुदायले प्रत्यक्ष लाभ प्राप्त गर्ने गरी नतिजामुखी कार्यसम्पादनमा विशेष ध्यान दिन आवश्यक छ।

मन्त्रालय र अन्तर्गतका निकाय तथा कार्यालयहरूबाट सञ्चालन हुने कार्यक्रमहरूबीच प्रभावकारी समन्वय, नियमित अनुगमन तथा मूल्याङ्कन, समस्याको समयमै पहिचान र समाधान एवं प्राप्त उपलब्धिको समीक्षा गर्दै कार्यान्वयन प्रक्रियालाई थप प्रभावकारी बनाउनु आवश्यक छ। साथै, बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखिन सक्ने व्यावहारिक कठिनाइहरूलाई समयमै सम्बोधन गरी कार्यसम्पादनलाई सहज र परिणाममुखी बनाउन मन्त्रालयबाट आवश्यक सहयोग, समन्वय र सहजीकरण उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दछु।

आर्थिक वर्ष २०८३/०८४ का लागि स्वीकृत बजेट तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि मन्त्रालयका सबै महाशाखा, शाखा, मातहतका निकाय तथा कार्यालयहरू, कार्यक्रम कार्यान्वयनमा संलग्न सम्पूर्ण कर्मचारी तथा सरोकारवालाहरूको सक्रिय, जिम्मेवार र समन्वयात्मक भूमिकाको अपेक्षा गर्दछु। हामी सबैको साझा प्रयास, प्रतिबद्धता र उत्तरदायित्वबाट मात्र स्वीकृत कार्यक्रमहरू निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गरी अपेक्षित नतिजा हासिल गर्न सकिनेछ। यसै विश्वासका साथ आर्थिक वर्ष २०८३/०८४ को वार्षिक विकास कार्यक्रम तथा बजेटको सफल, प्रभावकारी र नतिजामुखी कार्यान्वयनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

डा. शेषनारायण पौडेल

सचिव

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, पोखरा, नेपाल

आ.व. २०८३/०८४ मन्त्रालय तथा मातहतका निकायसमेतको एकमुष्ट विवरण

क्र.सं.	मन्त्रालय / कार्यालय	प्रदेश सरकार			संघ सशर्त अनुदान			कुल जम्मा		
		चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	जम्मा
१	मन्त्रालय	३१४०७६	५३४६०	३६७५३६	९७८२३	०	९७८२३	४११८९९	५३४६०	४६५३५९
२	शिक्षा विकास निर्देशनालय	५७८००	२,२९०	६००९०	५१७५०	५००	५२२५०	१०९५५०	२७९०	११२३४०
३	शिक्षा तालिम केन्द्र	२८४७३	४,८००	३३२७३	४३३००		४३३००	७१७७३	४८००	७६५७३
४	गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान	२०५००	५४,१००	७४६००			०	२०५००	५४१००	७४६००
५	प्रदेश खेलकुद परिषद	६१६००	५०००	६६६००			०	६१६००	५०००	६६६००
६	गण्डकी प्रज्ञा प्रतिष्ठान	१५४००	१४००	१६८००			०	१५४००	१४००	१६८००
७	प्रदेश संग्रहालय	१६५५५	५,०००	२१५५५			०	१६५५५	५०००	२१५५५
८	व्यावसायिक तथा सिप विकास तालिम केन्द्र, कास्की	२९७६३	५०००	३४७६३			०	२९७६३	५०००	३४७६३
९	व्यावसायिक तथा सिप विकास तालिम केन्द्र, पर्वत	२१५४८	८४०	२२३८८			०	२१५४८	८४०	२२३८८
१०	रोजगार सूचना केन्द्र	७०००	१०००	८०००			०	७०००	१०००	८०००
११	एकिकृत सेवा कार्यालय, मुस्ताङ	४०७०	६४,५००	६८५७०			०	४०७०	६४५००	६८५७०
१२	एकिकृत सेवा कार्यालय, म्याग्दी	६८७६	२६२००	३३०७६			०	६८७६	२६२००	३३०७६
१३	एकिकृत सेवा कार्यालय, बागलुङ	९०००	९४७००	१०३७००			०	९०००	९४७००	१०३७००
१४	एकिकृत सेवा कार्यालय, पर्वत	६०८१	४९१००	५५१८१			०	६०८१	४९१००	५५१८१
१५	एकिकृत सेवा कार्यालय, कास्की	१७२८१	१४५,२००	१६२४८१		४५००	४५००	१७२८१	१४९७००	१६६९८१
१६	एकिकृत सेवा कार्यालय, स्याङ्जा	८९८१	९२३००	१०१२८१			०	८९८१	९२३००	१०१२८१
१७	एकिकृत सेवा कार्यालय, नवलपुर	८०८१	६४२००	७२२८१		९०००	९०००	८०८१	७३२००	८१२८१
१८	एकिकृत सेवा कार्यालय, तनहुँ	७६८१	४७,०००	५४६८१			०	७६८१	४७०००	५४६८१
१९	एकिकृत सेवा कार्यालय, गोरखा	१३०८१	८४,५००	९७५८१			०	१३०८१	८४५००	९७५८१
२०	एकिकृत सेवा कार्यालय, लमजुङ	८३१६	४५,५००	५३८१६			०	८३१६	४५५००	५३८१६
२१	एकिकृत सेवा कार्यालय, मनाङ	२२५५	३०,७५०	३३००५			०	२२५५	३०७५०	३३००५
२२	गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान				११००		११००	११००	०	११००
२३	प्रदेशीक जनस्वास्थ्य केन्द्र, गण्डकी प्रदेश				२८१२		२८१२	२८१२	०	२८१२
२४	प्रादेशिक स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेश				२५९५		२५९५	२५९५	०	२५९५
२५	शहरी विकास तथा भवन कार्यालय, कास्की	०	०	०		५०००	५०००	०	५०००	५०००
२६	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद	०	०	०	६७०१३	१२००	६८२१३	६७०१३	१२००	६८२१३
२७	CTEVT अन्तर्गतका १२ वटा प्राविधिक शिक्षालय	०		०	३००१८७	४००००	३४०१८७	३००१८७	४००००	३४०१८७
	जम्माः-	६६४४१८	८७६८४०	१५४१२५८	५६६५८०	६०२००	६२६७८०	१२३०९९८	९३७०४०	२१६८०३८

आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रममा समावेश सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयसँग सम्बन्धित बुँदाहरू:

५२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धनका लागि लक्षित वर्गको सशक्तीकरण गरिनेछ। लैङ्गिक हिंसाविरुद्ध शून्य सहनशीलताको मान्यता अनुरूप जोखिममा परेका व्यक्तिहरूको संरक्षण, उद्धार, पुनर्स्थापना तथा सामाजिक पुनर्स्थापना तथा सामाजिक पुनःएकीकरणका लागि सञ्चालनमा रहेका दिर्घकालिन पुनर्स्थापना केन्द्र तथा अल्पकालीन सेवा केन्द्रको संस्थागत सुदृढीकरण गरिनेछ।

५३. अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक एवं यौनिक अल्पसंख्यक समुदायको संरक्षण, क्षमता विकास र मूलप्रवाहीकरण गरिनेछ। अपाङ्गता भएका व्यक्तिका लागि सूचना, सञ्चार तथा डिजिटल पहुँच विस्तार गर्नुका साथै सांकेतिक भाषा सेवाको प्रवर्द्धन तथा सांकेतिक भाषासम्बन्धी अध्ययन तथा अनुसन्धान गरिनेछ।

५४. दलित समुदायको सम्मान, समानता, अधिकार तथा सशक्तीकरण सुनिश्चित गर्न गण्डकी प्रदेश दलित अधिकार तथा सशक्तीकरण सम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन गरिनेछ। जातीय भेदभाव तथा छुवाछूत विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्दै दलित समुदायको शिक्षा, सीप, रोजगारी, उद्यमशीलता, नेतृत्व विकास तथा सामाजिक-आर्थिक सशक्तीकरणका लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। दलित समुदायको परम्परागत ज्ञान, सीप, कला, पेशा र व्यवसायलाई यान्त्रिकीकरण तथा आधुनिकीकरण गरिनेछ।अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्दै परिवार समाजबाट अपहेलित जोडिलाई संरक्षण र पुनर्स्थापना गरिनेछ।

५५. बालअधिकार संरक्षण तथा बालमैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि स्थानीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ। दिवा शिशु स्याहार केन्द्रको क्षमता अभिवृद्धि तथा संस्थागत सुदृढीकरणलाई निरन्तरता दिइनेछ। बौद्धिक तथा अन्य प्रकारका अपाङ्गता भएका बालबालिकाको सामाजिक सुरक्षा र सम्मानजनक जीवनयापन सुनिश्चित गर्न समावेशी शिक्षामा पहुँच विस्तार गरिनेछ।अटिजम र मस्तिष्क पक्षघात भएका बालबालिकाका लागि दिवा सेवा केन्द्र र थेरापी सहितको विशेष कार्यक्रम सञ्चाचन गरिनेछ।

५६. ज्येष्ठ नागरिकको ज्ञान, सीप तथा अनुभवलाई समुदायको हितमा उपयोग गरिनेछ। ज्येष्ठ नागरिकमा निहित जीवनमूल्य, संस्कार, परम्परागत ज्ञान तथा अनुभवलाई बालबालिका र युवापुस्तामा हस्तान्तरण गर्न अन्तरपुस्ता सिकाइ तथा संवाद कार्यक्रम सञ्चालन गरिनेछ। ज्येष्ठ नागरिकका लागि सम्मानजनक जीवनयापन सुनिश्चित गर्न दिवा सेवा केन्द्र तथा आश्रमहरूको सुदृढीकरण गरिनुका साथै सडक आश्रित मानवमुक्त गण्डकी प्रदेश अभियानलाई मानवसेवा आश्रमसँगको सहकार्यमा निरन्तरता दिइनेछ।

५७. "गुणस्तरीय शिक्षा हाम्रो सङ्कल्पः सामुदायिक शैक्षिक संस्था उत्कृष्ट विकल्प" का लागि शिक्षकको क्षमता विकास र शैक्षिक पूर्वाधार स्तरोन्नति गरिनेछ। विद्यालय समायोजन गरी ठूला, अगुवा एवम् आवासीय विद्यालय सञ्चालनका लागि स्थानीय सरकारसँग सहकार्य गरिनेछ। विद्यार्थीलाई वृत्ति परामर्श, सीप परीक्षण, अभिभावक शिक्षा तथा लक्षित वर्ग केन्द्रित प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।अन्तर विद्यालय विषय विज्ञता आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ।

५८. माध्यमिक शिक्षा परीक्षा सञ्चालनलाई सुदृढ गरिनेछ। शिक्षक अभिलेख व्यवस्थापन, सिटरोल दर्ता तथा अवकाशपछिका सेवा सुविधालाई व्यवस्थित गरिनेछ। गुरुकुल, गुम्बा, मदरसा, आश्रम घुम्ती तथा वैकल्पिक

विद्यालय लगायतका सामुदायिक शैक्षिक संस्थाको संरक्षण तथा सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि गरिनेछ।

५९. "डिजिटल गण्डकीको आधारः विद्यालयमा आईसिटी पूर्वाधार" कार्यक्रमअन्तर्गत विद्यालय तहदेखि नै एआई, ब्लकचेन र साइबर सुरक्षा लगायत सूचना प्रविधिसम्बन्धी नवीनतम ज्ञान प्रदान गरिनेछ। स्टिम ल्याव, विद्यालय हरित क्षेत्र प्रवर्द्धन तथा नवप्रवर्तनात्मक शैक्षिक कार्यक्रममार्फत विद्यार्थीमा सिर्जनशीलता र नवीनता विकास गरिनेछ।

६०. प्राविधिक तथा व्यावसायिक शिक्षालाई श्रम बजारको मागसँग आबद्ध गर्दै "सिक्दै कमाउँदैः कमाउँदै सिक्दै" कार्यक्रमलाई निरन्तरता दिइनेछ। गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान तथा गण्डकी प्राविधिक शिक्षालयको भौतिक र शैक्षिक पूर्वाधार विकासलाई निरन्तरता दिइनेछ।

६१. संघ, स्थानीय तह तथा निजी क्षेत्रसँगको सहकार्यमा बजारको मागअनुसार व्यावसायिक सीप विकास तालिम सञ्चालन गरिनेछ। उत्कृष्ट उद्यमीलाई सम्मान तथा प्रोत्साहन गरिनेछ। राष्ट्रिय श्रम आप्रवासन नीति, २०८२ का प्रावधान कार्यान्वयन गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाइनेछ तथा विदेशबाट फर्किएका श्रमिकका लागि पुनःएकीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

६२. "ज्ञान, खोज र आविष्कारः विश्वविद्यालयले बनाउँछ विकासको आधार" को अवधारणा अनुसार गण्डकी विश्वविद्यालयलाई विशिष्टीकृत प्राविधिक विश्वविद्यालयको रूपमा विकास गरिनेछ। उच्च शिक्षा प्रदायक सरकारी, सामुदायिक तथा निजी क्याम्पसको शैक्षिक स्तर सुधारका लागि प्रवर्द्धनात्मक तथा नियामक कार्यलाई व्यवस्थित गरिनेछ। शैक्षिक परामर्श तथा भाषा शिक्षण संस्थाको अभिलेखीकरण, नियमन र अनुगमन प्रभावकारी बनाइनेछ।

६३. प्रदेश सरकारी कामकाजको भाषासम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयन गर्दै गुरुङ, मगर, लगायतका मातृभाषाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गरिनेछ।धर्म, संस्कृति, कला, साहित्य, संगीत तथा रैथाने ज्ञान, सीप र कला संरक्षण गर्नुका साथै योग, ध्यान, आरोग्य, स्वजागरण तथा आध्यात्मिक जीवनशैली प्रवर्द्धन कार्यक्रमलाई विद्यालय तथा समुदायस्तरसम्म विस्तार गरिनेछ।

६४. गण्डकी प्रदेश संग्रहालय तथा प्रदेशभित्रका अन्य संग्रहालयहरूको पूर्वाधार विकास, संरक्षण र प्रवर्द्धन गरी तिनलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गरिनेछ। सांस्कृतिक तथा पुरातात्त्विक सम्पदाको संरक्षण, जीर्णोद्धार, अन्वेषण, अभिलेखीकरण तथा महत्त्वपूर्ण पुरातात्त्विक वस्तुहरूको संकलन, संरक्षण र प्रदर्शनी व्यवस्थापनका साथै यस सम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रकाशन कार्यलाई प्रवर्द्धन गरिनेछ।

६५. गण्डकी प्रदेशमा स्थायी ठेगाना भएका ओलम्पियन तथा राष्ट्रियस्तरका खेलाडीलाई प्रदान गरिँदै आएको सहयोग तथा प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिँदै खेलकुद क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्ति तथा संस्थालाई सम्मान तथा प्रोत्साहन गरिनेछ। खेलाडीको डिजिटल प्रोफाइल तयार गर्न "गण्डकी गौरव" अवधारणा अगाडि बढाइ खेलाडीबाट प्राप्त उपाधि, उपलब्धि तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय रेकर्डलाई संस्थागत रूपमा अभिलेखीकरण गरिनेछ।

६६. "खेल्छ गण्डकी" जुनियर खेलकुद कार्यक्रम तथा प्रदेश र राष्ट्रियस्तरका प्रतियोगितालाई थप व्यवस्थित गरिनेछ। विद्यालय तथा स्थानीय स्तरबाट खेल प्रतिभा पहिचान गरी उत्कृष्ट खेलाडीलाई प्रशिक्षण, बन्द प्रशिक्षण तथा

छात्रवृत्ति उपलब्ध गराइनेछ।

६७. खेलकुद क्षेत्रको संस्थागत सुदृढीकरणका लागि प्रदेश, स्थानीय तह तथा निजी क्षेत्रबीच सहकार्य र साझेदारी अभिवृद्धि गरिनेछ। प्रत्येक जिल्लामा बहुउद्देश्यीय कभर्ड हल, रङ्गशाला वा क्रिकेट मैदान निर्माणको कार्यलाई प्राथमिकता दिदै खेल पूर्वाधारहरूको संरक्षण, स्तरोन्नति र प्रभावकारी व्यवस्थापन गरिनेछ। साहसिक एवं उच्च उचाई खेलकुदको विकास र विस्तार गर्दै गण्डकी प्रदेशलाई खेल पर्यटन गन्तव्यका रूपमा विकास गरिनेछ।

६८. "युवाको विकास र विकासमा युवा" अवधारणा अनुसार प्रदेश युवा नीति तथा योजना तर्जुमा गरिनेछ। विकास तथा नीतिगत निर्णय प्रक्रियामा युवाको अर्थपूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गरिनेछ। "प्रदेश नमूना युवा संसद" तथा "युवामैत्री स्थानीय शासन" कार्यक्रम सञ्चालन गरिनेछ।

६९. "अबको निकासः युवाको विकास" अभियान मार्फत युवामा सकारात्मक सोच, नेतृत्व विकास, उद्यमशीलता, सीप तथा क्षमता विकास गरी युवालाई 'योग्यता अनुसारको काम र काम अनुसारको दाम' कमाउन सक्षम बनाईनेछ। युवा क्लब, स्काउट तथा युवा लक्षित सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइनेछ। युवा लक्षित डिजिटल साक्षरता, मनोपरामर्श तथा सूचना प्रविधिमा आधारित क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

७०. "खेल, कला र संस्कृतिः छाड्ने छैनौं दिगो जीवन पद्धति" आत्मसात गर्दै खेल, कला र संगीत क्षेत्रमा संलग्न युवालाई थप सशक्तीकरण गरी प्रशिक्षकका रूपमा रोजगारी सिर्जना गरिनेछ। प्रकृति तथा वातावरणमैत्री रैथाने सीप अपनाई दिगो जीविकोपार्जन प्रवर्धन गर्ने नीति अवलम्बन गरिनेछ।

आ.व. २०८३/०८४ को बजेट बक्तव्यमा समावेश सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयसँग सम्बन्धित बुँदाहरूः

सामाजिक विकासः सशक्त नागरिक, समुन्नत समाज

६३. प्रदेशको अमूल्य सम्पदाका रूपमा रहेका मौलिक भाषा, धर्म, संस्कृति, साहित्य, कला, संगीत तथा रैथाने ज्ञान, सीपको संरक्षण र प्रवर्द्धन गरिनेछ। प्रदेशभित्रका संग्रहालय र कोशेली घरलाई पर्यटकीय र अध्ययन केन्द्रका रूपमा विकास गर्न आवश्यक बजेटको प्रबन्ध गरेको छु।

६४. दलित समुदायको अधिकार संरक्षण र सशक्तिकरणका लागि परम्परागत पेसा, ज्ञान र सीपको संरक्षण, संवर्द्धन एवम् व्यावसायिकरण गर्न 'भगत सर्वजित सीप तथा व्यावसायिकता विकास कार्यक्रम' लाई निरन्तरता दिएको छु। सामाजिक न्याय र समतामूलक समाज निर्माणका लागि अन्तरजातीय विवाह गर्ने जोडीलाई प्रोत्साहन तथा आवश्यकतानुसार पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

६५. लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सडक आश्रित लगायतका लक्षित बर्गको संरक्षण, उत्थान र सामाजिक मूलप्रवाहीकरणका लागि स्थानीय तह र सरोकारवाला सङ्घसंस्थासँगको सहकार्य र साझेदारीलाई निरन्तरता दिएको छु। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन, बालबालिकाको संरक्षण तथा ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवको अन्तरपुस्ता हस्तान्तरणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

६६. अपाङ्गता भएका व्यक्तिको संरक्षण, क्षमता विकास तथा मूलप्रवाहीकरण गरिनेछ । अपाङ्गता भएका बालबालिकाको शिक्षामा सहज पहुँच सुनिश्चित गर्न दृष्टिविहीनका लागि ब्रेल लिपि, सुस्तश्रवणका लागि साङ्केतिक भाषा एवम् बौद्धिक अपाङ्गता, अटिजम लगायत फरक क्षमता भएका बालबालिकाको विशेष सिकाइका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

युवाको सीपः विकासको दीप

६७. युवाका लागि सीपमूलक तालिमको व्यवस्था गरी निजी क्षेत्रसँगको सहकार्यमा रोजगारीका अवसर सिर्जना गर्न तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको ज्ञान, सीप र पुँजीको उपयोग गरी उद्यमशीलता विकास गर्न आवश्यक बजेट तथा नीतिगत व्यवस्था मिलाएको छु ।

६८. प्रदेशको जनसांख्यिक लाभलाई प्रादेशिक समुन्नति र विकासको संवाहकका रूपमा उपयोग गर्न युवा उद्यमशीलता प्रवर्द्धन, नवप्रवर्तन, प्रतिभा पहिचान तथा सम्मान कार्यक्रमलाई निरन्तरता दिएको छु ।

६९. प्रदेशभित्रका विश्वविद्यालय तथा क्याम्पसमा अध्ययनरत विद्यार्थीको बौद्धिक क्षमता र ऊर्जालाई प्रादेशिक विकास, योजना तर्जुमा र सुशासन अभियानमा आवद्ध गरिनेछ। यसका लागि "सार्वजनिक सुशासन फेलोसिप कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

७०. खेलक्षेत्रको विकासको लागि पूर्वाधार स्तरोन्नति, खेलाडीको संरक्षण र प्रोत्साहन कार्यलाई निरन्तरता दिँदै जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरमा खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ। गण्डकी प्रदेश खेलकुद परिषद्को लागि रु. ६ करोड बजेट विनियोजन गरेको छु ।

शिक्षित समाजः सुरक्षित भविष्य,

७१. शिक्षकको क्षमता विकास, सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार विकास, STEM Lab स्थापना, परीक्षा प्रणाली सुधार तथा प्रविधिमैत्री शिक्षण-सिकाईको वातावरण सिर्जना गर्दै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

७२. उच्च शिक्षा प्रदायक सामुदायिक क्याम्पसको स्तरोन्नति गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न आवश्यक व्यवस्था मिलाएको छु । शिक्षालाई सीप र स्वरोजगारसँग आवद्ध गरी विद्यार्थीलाई आयआर्जनमा जोड्न "सिक्दै कमाउँदैः कमाउँदै सिक्दै" कार्यक्रमलाई निरन्तरता दिएको छु ।

७३. स्थानीय तहसँगको सहकार्यमा अनिवार्य तथा निःशुल्क शिक्षाको सुनिश्चितता, डिजिटल साक्षरता, वृत्ति परामर्श, सीप परीक्षण र अभिभावक शिक्षा लगायतका कार्यक्रमलाई निरन्तरता दिएको छु ।

७४. गण्डकी प्राविधिक शिक्षालयको भौतिक संरचना निर्माण र सञ्चालन तथा गण्डकी विश्वविद्यालयलाई विशिष्टीकृत अध्ययन-अध्यापन संस्थाको रुपमा विकास गर्न रु. २० करोड विनियोजन गरेको छु ।

७५. सामाजिक विकास, युवा तथा खेलकुद क्षेत्रका लागि रु. २ अर्ब १६ करोड विनियोजन गरेको छु ।

गण्डकी प्रज्ञा प्रतिष्ठान, पोखरा

ब.उ.शी.नं.:३५००८००९ कार्यालय कोडः ३५००८३९०२४

१. **अनिवार्य दायित्त्व/कार्यालय सञ्चालन** बजेट रु. हजारमा

क्र.सं.	ख.शि.नं.	क्रि.क.नं.	कार्यक्रम	बजेट
१	२१११२	१.१.७.२	कुलपति	७८७
२	२१११२	१.१.७.३	उप-कुलपति	६८३
३	२१११२	१.१.७.९	सदस्य सचिव	६३५
४	२११२१	१.३.१.२२	स्थायी कर्मचारीको लागि पोशाक	३०
५	२११२१	१.३.१.२३	करार कर्मचारीको लागि पोशाक	२०
६	२११३४	१.२.४.१८	प्रतिष्ठानको प्राज्ञ सभा, प्राज्ञ परिषद एवं प्रचलित कानुन अनुसार गठन हुने विभिन्न समिति, कार्यदल आदिको बैठक भत्ता	४००
७	२११४२	२.१.११.८	कुलपतिको सवारी चालक	४०५
८	२१२११	१.६.१.२	कार्यालय सहयोगीको योगदानमा आधारित सामाजिक सुरक्षा	३६
९	२१२११	१.६.१.३	हलुका सवारी चालकको योगदानमा आधारीत सामाजिक सुरक्षा	४०
१०	२२१११	२.१.१.४	विद्युत महसुल/जारको पानी/ट्याङ्करको पानी/मिनिरल वाटर/पिउने पानी एवं पानी तथा विजुली जडान खर्च	२००
११	२२११२	२.१.६.१९	टेलिफोन/इमेल/इन्टर नेट/वेवसाइट/हुलाक/कुरियर एवं सञ्चार सेवा जडान महसुल	७५
१२	२२२११	२.२.१.५	पेट्रोल/डिजेल/मोबिल (दुई पाङ्ग्रे/चार पाङ्ग्रे सवारी साधन)	३००
१३	२२२११	२.२.१.१३	कुलपति लगायतका पदाधिकारीहरुका लागि ईन्धन	१३५
१४	२२२१२	२.२.२.५	पेट्रोल/डिजेल/मोबिल (दुई पाङ्ग्रे/चार पाङ्ग्रे सवारी साधन)	२००
१५	२२२१३	२.३.१.४	दुई पाङ्ग्रे/चार पाङ्ग्रे सवारी साधन मर्मत संभार	३००
१६	२२२१४	२.९.२.५	सवारी साधनको विमा (तेस्रो पक्ष समेत) तथा नविकरण	५०

क्र.सं.	ख.शि.नं.	क्रि.क.नं.	कार्यक्रम	बजेट
१७	२२२२१	२.३.२.६	कम्प्युटर/ल्यापटप/फोटोकपी मेसिन/स्क्यानर/प्रोजेक्टर आदीको सञ्चालन तथा मर्मत संभार	१००
१८	२२२९१	२.३.१४.४	फर्निचर/फिक्चर्स/शैचालय/बगैचा/परिसर आदीको सञ्चालन तथा मर्मत संभार	१००
१९	२२३११	२.४.१.२	कार्यालय मसलन्द सामान खर्च	३००
२०	२२३१३	२.४.९.४	पुस्तक/पुस्तकालय	८०
२१	२२३१४	२.२.३.८	ग्यासँ/व्याट्रि/सोलार/जेनेरेटर/हिटर आदीको लागि इन्धन	२५
२२	२२३१५	२.४.१४.७	विज्ञापन, पत्रपत्रिका, पुस्तिका, छपाई तथा सूचना प्रकाशन खर्च	१५०
२३	२२३१९	२.४.१५.५	अन्य विविध कार्यालय सञ्चालन खर्च	१००
२४	२२४१२	२.५.५.३	सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च	५०
२५	२२४१३	२.५.७.५३	करार सेवामा कार्यरत कर्मचारीहरुको चाडपर्व भत्ता	५०
२६	२२४१३	२.५.७.६	कार्यालय सहयोगी	५९३
	२२६११	२.८.१.३६	अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च	२००
	२२६१३	२.८.४.१	अनुगमन, मुल्याकंन र भ्रमण	३००
	२२७११	२.९.९.१३	चियापान/अतिथि सत्कार एवं अन्य विविध खर्च	३००
	२८१४२	८.१.३.२	कार्यालयको घर भाडा	९९०
			चालु तर्फ	**७६३४**
	३११२२	११.३.७.२२	कार्यालयका लागि आवश्यक मेसिनरी औजार खरिद	२००
	३११२३	११.६.१३.११५	कार्यालयको भानु हलमा कुर्चि व्यवस्थापन	२००
	३११६१	११.५.४२.११५	निर्मित भानु सभाहलमा साउण्ड परावर्तन व्यवस्थापन	५००
	३११६१	११.५.४२.२३४	भानु सभाहलमा रहेको साउण्ड सिस्टम मर्मत	५००
			पूँजिगत तर्फ	**१४००**
२) **चालु कार्यक्रम**				
१	२२५२२	२.७.२२.१७०४	स्रष्टा स्वास्थ्य विमा	१०२

क्र.सं.	ख.शि.नं.	क्रि.क.नं.	कार्यक्रम	बजेट
२	२२५२२	२.७.२५.१३७	विविध प्रतियोगिता सञ्चालन (लोक नृत्य, लोग गायन, लोक दोहोरी, चित्रकला, साहित्यिक, नाटक लेखन, प्रशिक्षण तथा प्रदर्शन आदी)	१५००
३	२२५२२	२.७.२५.१४१	गण्डकी प्रज्ञा पुस्तकालय स्थापना तथा व्यवस्थापन	२००
४	२२५२२	२.७.२५.३०३	बायोग्राफी निर्माण (विभिन्न विधामा महत्त्वपूर्ण योगदान पुऱ्याउने स्रष्टाहरुको)	१५०
५	२२५२२	२.७.२५.३०७	विनियमावली, कार्यविधि एवं मापदण्ड निर्माण	२०
६	२२५२२	२.७.२५.३११	मौलिक बाजा प्रशिक्षण कार्यक्रम आयोजना एवं सहकार्य	५००
७	२२५२२	२.७.२५.३८१	भानु सभाहलमा साउण्ड सिस्टम सञ्चालन तथा व्यवस्थापन	१००
८	२२५२२	२.७.२५.४१८	स्रस्टा परिचयपत्र निर्माण तथा वितरण	१००
९	२२५२२	२.७.२५.४२०	संस्थाको प्रगति विवरण श्रव्य दृश्यमा निर्माण तथा संस्थाको युट्ब च्यानलमा व्यवस्थापन	१५०
१०	२२५२२	२.७.२५.५१०	साहित्यिक उत्सव	३४४
११	२२५२२	२.७.२५.५११	अन्तर विद्यालय ब्याण्ड उत्सव तथा अन्य उत्सवहरू	३००
१२	२२५२२	२.७.२५.५९३	प्रदेशभित्र बोलिने सरकारी कामकाजको भाषा बाहेकका मातृभाषाहरुको संरक्षण,संवर्धन कार्यक्रम	८००
१३	२२५२२	२.७.७.३२	अध्ययन अनुसन्धान (कला, साहित्य, संगीत, संस्कृति, जाति, धर्म लगायत अन्य)	३००
१४	२२५२२	२.७.७.४९	गुरुङ र मगर भाषाको प्रयोगका लागि अध्ययन, अनुसन्धान, भाषाको मानकिकरण र स्तरीकरण कार्यक्रम	८००
१५	२२५२२	२.७.८.१६५	विभिन्न कार्यशाला सञ्चालन (लोक नाच/लोक गित/लोक दोहरी/ललितकला/नाटक/साहित्य महोत्सव)	५००
१६	२२५२२	२.७.८.२४३	ललित कला प्रतियोतिता	४००
१७	२२५२२	२.७.२५.२६०	गण्डकी प्रदेशका कला, साहित्य, संगीत र संस्कृतिको क्षेत्रमा विशेष योगदान पुर्याउने श्रष्टाहरूलाई सम्मान कार्यक्रम	३००

क्र.सं.	ख.शि.नं.	क्रि.क.नं.	कार्यक्रम	बजेट
१८	२२५२२	२.७.७.४१	गण्डकी प्रुदेशका ऐतिहासिक सांस्कृतिक स्रष्टाहरुको अभिलेखन	४००
१९	२२५२२	२.७.१४.१६८	गण्डकी लोक तारा आयोजना तथा व्यवस्थापन	४००
२०	२२५२२	२.७.२५.३०९	गण्डकी प्रदेश भित्रका बहुसाँस्कृतिक,साहित्यिक,मातृभाषा,चलचित्र उत्सव,संस्थाको स्थापना दिवस आयोजना तथा सहकार्य	३००
२१	२२५२२	२.७.२५.३८०	प्रदेश तथा राष्ट्रिय दिवसमा कला प्रदर्शनी व्यवस्थापन	१००
			चालु कार्यक्रम जम्मा	**७७६६**
			चालु बजेट जम्मा	**१५४००**
			पूँजिगत बजेट जम्मा	**१४००**
			कुल बजेट जम्मा	**१६८००**